"कृषि, पर्यटन र व्यापार, समृद्ध नमोबुद्धको आधार"

# नमोबुद्ध नगरपालिका

नमोबुद्ध नगरपालिका

ན་མོ་བུདྡྷ་ན་ག་ར་པ་ལི་ཀ

## नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्याः २०८२/०८३

चलानी नं.: ३३१

मितिः २०८२/०५/२४

ने.सं.: ११४५ यंलागाः २, मंगलबार

**विषय : शोक विदा सम्बन्धमा ।**

प्रस्तुत विषयमा मिति २०८२ भाद्र २३ गते काठमाडौंको बानेश्वर, माइतीघर क्षेत्र लगायत देशभर भएको जेन्जीको ऱ्याली तथा आन्दोलनका क्रममा दिवङ्गत हुनुभएकाहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै, दिवङ्गत आत्माको चिर शान्तिको कामना गर्दछौं । साथै शोक सन्तप्त परिवारजनमा ईश्वरले धैर्य धारण गर्न सक्ने शक्ति प्रदान गरून् भन्ने प्रार्थनाकासाथ नमोबुद्ध नगरपालिका गहिरो समवेदना व्यक्त गर्दछ ।

मिति २०८२/०५/२४ गतेको नगर प्रमुख स्तरिय निर्णयअनुसार, यस दुखद घटनामा दिवङ्गत हुनुभएकाहरुको सम्झनामा शोक व्यक्त गर्दै यस नगरपालिका तथा मातहतका सम्पूर्ण कार्यालयहरु एवं सम्पूर्ण शैक्षिक संस्थाहरु अर्को निर्णय (स्थिति सामान्य) नभएसम्मको लागि बन्द रहने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ । यस विषम परिस्थितिको कारण नगरवासीहरुमा पर्न जाने असुविधाप्रति नगरपालिका क्षमाप्रार्थी छौं ।

............................

(कुनसाङ लामा)

नगर प्रमुख